कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापाको

कोशी प्रदेश, नेपाल

# आन्तरिक ठेक्का बन्दोबस्ती सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

तेस्रो पटक प्रकाशन मिति :२०८०।०६।०४ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को २ घ, ५९, ६१, ६२ र यस गाउँ कार्यपालिकाको मिति २०८०।०५।२१ गते बसेको बैठकको निर्णयानुसार कचनकवल गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्ती ) सम्बन्धी कार्यविधि २०८० को नियम ३ को उपनियम १ (क) नियम ४ को उपनियम १ वमोजीम उठाउन पाउने देहाय बमोजीमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आ.व. ०८९/०९० को अषाढ मसान्तसम्मका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति फर्म वा कम्पनिले तोकिएको निम्न शर्तहरुको अधीनमा रही तपसिलमा उल्लेखित समय, मिति र स्थानमा छुट्टाछुट्टै गोप्य शिलबन्दी दरभाउँपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धीत सबैलाई जानकारीको लागि अनुरोध छ ।

तपशिल:-

| ठेक्का नं. | विवरण | न्यूनतम ठेक्का अंक रु. (बार्षिक मु.अ.क. बाहेक) | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र फारम खरिद अन्तिम मिति | दरभाउपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | माछा पोखरी (केचना) | ६००,०००।- | १,०००।- | २०८०।०६।१९गते कार्यालय समय सम्म | २०८०।०६।२० गते दिनको १२:०० बजे सम्म | २०८०।०६।२० गते दिनको २:०० बजे देखि |

**शर्तहरु:-**

१. ईच्छुक दरभाउपत्र दाताले नागरिकताको प्रमाणपत्र, पा.नं. दर्ता प्रमाणपत्र र गत आ.व. को करचुक्ता प्रमाणपत्र पेश गरी कार्यालयबाट बोल पत्र/शिलबन्दी दरभाउपत्र फारम खरिद गर्नुपर्नेछ ।
२. दरभाउपत्र फारममा उल्लेखित कबोल ठेक्का अंकको वार्षिक ५ प्रतिशतले हुन आउने १ वर्षको जम्मा धरौटी रकम यस कार्यालयको NIC ASIA BANK कचनकवल शाखाको धरौटी खाता न. 67CA051019752404 मा नगदै जम्मा गरेको सक्कलै भौचर दरभाउपत्रका साथ संलग्न राखी पेश गर्नुपर्नेछ । बैंक ग्यारेन्टीलाई मान्यता दिइने छैन । धरौटी रकम ठेक्का अवधीभरका लागि रहनेछ ।
३. ईच्छुक व्यक्ति फर्म वा कम्पनिले दरभाउपत्र फारम खरिद गर्दा अध्यावधिक फर्म नवीकरणको प्रतिलिपी, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपी साथै लिखित निवेदन दिई तोकिएको समय भित्र खरिद गर्न सकिनेछ ।
४. दरभाउपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा लेखेको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
५. ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद भए गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ ।
६. गाउँपालिकालाई रकम बुझाउनुपर्ने बाँकी बक्यौता भएमा त्यस्तो रकम नबुझाएसम्म दरभाउपत्र खरिद गर्न पाइने छैन ।
७. ठेक्का अवधि २०९० सालको अषाढ मासन्तसम्म रहनेछ ।
८. ठेक्का स्वीकृति गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
९. शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघि आएको शिलबन्दी दरभाउपत्र प्रति कार्वाही हुने छैन ।
१०. एउटा व्यक्ति वा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फर्म खरिद गर्न दिइनेछ । जसको नाममा फारम खरिद गरिएको हो सोही व्यक्ति वा आधिकारीक प्रतिनिधी स्वयं उपस्थित भई पेश गर्नुपर्नेछ ।
११. दरभाउपत्र फारम खरिद, दाखिला र खोलिने अन्तीम मितिमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट खोलिनेछ ।
१२. अन्य शर्तहरु:-

- माछा पोखरी भन्नाले :- कचनकवल गाँउपालिका वडा नं. ४ केचना वजारको १० विगाहा २ कठा ९ धुर क्षेत्रफल भएको ८ वटा पोखरीहरु
- चालु आ. व. मा पोखरीहरुको मर्मत सम्भार र शुद्धिकरण गरिने हुँदा वार्षिक शुल्क लिइने छैन भने आगामी आ. व. को वार्षिक रकम अग्रिमरुपमा जम्मा गर्नुपर्नेछ । साथै उक्त पोखरीहरुको मर्मत सम्भार र शुद्धिकरण ठेकेदार स्वयंले गर्नुपर्नेछ ।
- ठेकदारले वार्षिक ठेक्कको कवोल रकम अग्रीम एकमुष्ठ बुझाउनु पर्नेछ ।
- ठेकदारले कवोल गरेको रकम प्रत्येक वर्षको असोज मसान्तसम्ममा बुझाउनु पर्नेछ ।